अनुसूची- २
(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ११ प्रमाणिकरण मितिः२०८३/०६/२९ प्रकाशन मितिः२०८३/०६/३०

## भाग-१

भजनी नगरपालिका, न्यायिक समिति (कार्यविधि) ऐन, २०७४ (पहिलो शंशोधन,२०८३)

**प्रस्तावना :-** भजनी नगरपालिका, न्यायिक समिति (कार्यविधि) ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नगर सभाले यो ऐन संशोधन गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (क) यस ऐनको नाम " भजनी नगरपालिका, न्यायिक समिति (कार्यविधि) ऐन, २०७४ (पहिलो शंशोधन,२०८३) " रहेको छ ।

(ख) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

२. **ऐनको दफा २ (प) लाई संशोधन गरी देहाय बमोजिम कायम गर्ने,**

" (प) "सभा" भन्नाले भजनी नगरपालिकाको नगरसभा सम्झनुपर्छ ।"

३. **ऐनको दफा ७ (क) मा संशोधन गरी देहाय बमोजिम कायम गर्ने,**

" (क) उजुरीका कुनै एक पक्ष नगरपालिकाको भौगोलिक क्षेत्राधिकार भित्र बसोबास गरीरहेको, "

४. **ऐनको दफा ७ (ग) मा संशोधन गरी देहाय बमोजिम कायम गर्ने,**

" (ग) कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेषित गरीएको, "

५. **ऐनको दफा ८ को उपदफा (३) (ग) मा संशोधन गरी देहाय बमोजिम कायम गर्ने,**

" (ग) नगरपालिकाको नाम सहित समितिको नाम; "

६. **ऐनको दफा ८ को उपदफा (३) (ङ) मा संशोधन गरी देहाय बमोजिम कायम गर्ने,**

" (ङ) नगरपालिकाले तोके अनुसारको दस्तुर बुझाएको रसिद वा निस्सा; "

७. **ऐनको दफा ७४ (१) मा संशोधन गरी देहाय बमोजिम कायम गर्ने,**

" (१) नगरपालिका ...... "

**८. ऐनको दफा ८ को उपदफा (२) सँग सम्बन्धित अनुसूची -१ मा संशोधन गरी देहाय बमोजिम कायम गर्ने,**

" यस नगरपालिकाबाट ....... "

**९. ऐनको दफा ९ को उपदफा (२) सँग सम्बन्धित अनुसूची -३ मा संशोधन गरी देहाय बमोजिम कायम गर्ने,**

" भजनी नगरपालिकामा खडा गरिएको तारेख भरपाई "

**१०. ऐनको दफा ९ को उपदफा (३) सँग सम्बन्धित अनुसूची -४ मा संशोधन गरी देहाय बमोजिम कायम गर्ने,**

" न्यायिक समिति भजनी नगरपालिकाबाट जारी भएको तारेखको पर्चा "

**११. ऐनको दफा ४२ को उपदफा (१) सँग सम्बन्धित अनुसूची -७ मा थप गरी देहाय बमोजिम कायम गर्ने,**

" भजनी नगरपालिका, न्यायिक समिति "

**१२. ऐनको दफा ७२ को उपदफा (२) मा संशोधन गरी देहाय बमोजिम कायम गर्ने,**

" (२) समुदाय स्तरमा हुने सामुदायिक मेलमिलापको हकमा दफा ५९ (१) अनुसारको योग्यता नपुगेका वा माकुरा समुहको छनौट गरी मेलमिलाप गराउन वाधा पर्नेछैन ।"

आज्ञाले,<br>
भोज राज भट्ट<br>
प्रमुख प्रशासकीय अधिकृत